# चौतारा साँगाचोकगढी नगरपालिकाको संकलन केन्द्र र सहकारी मार्फत् संस्थागत विक्री गरेका कृषि उपजमा अनुदान दिने कार्यविधि, २०७९

स्वीकृत मितिः २०७९/०४/३१

प्रस्तावनाः

चौतारा साँगाचोकगढी नगरपालिकामा स्थायी वसोवास भएका व्यक्तिहरुले यस नगरपालिका भित्र कृषि उपज (आलु, गोलभेडा, अन्य तरकारी) उत्पादन गरी विक्रीको लागि तोकिए बमोजिमको अनुदान दिनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ र चौतारा साँगाचोकगढी नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट अनुसार स्थानीय व्यक्तिहरुलाई प्रोत्साहन गरि स्थानीय स्तरमा विभिन्न कृषि उपज उत्पादन गर्ने यस नगरपालिका भित्रका नागरिकहरुलाई उनीहरुले उत्पादन गरेका वस्तु तथा सेवाको प्रभावकारी ढंगबाट बजारको व्यवस्थापन गरि त्यस्ता वस्तु तथा सेवा उत्पादन गर्ने व्यवसायीहरुलाई थप हौसला प्रदान गर्नको लागि स्थानीय सरकारको सहयोग अपरिहार्य हुने भएकोले त्यस्ता व्यवसाय संचालन गरि उत्पादित भएका कृषि उपजहरुमा अनुदानको व्यवस्था गरि स्थानीय स्तरमा रोजगारी सृजना गरि युवा दक्ष जनशक्तिलाई विदेश जानबाट रोकी स्थानीय स्तरका उद्यम व्यवसायहरुलाई प्रवर्द्धन गर्न आवश्यक भएकोले चौतारा साँगाचोकगढी नगरपालिकाले स्वीकृत गरेको बजेट कार्यान्वयन गर्न यो कार्यविधि तयार गरि लागू गरिएको छ ।

## परिच्छेद-१

**प्रारम्भिकः**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम 'चौतारा साँगाचोकगढी नगरपालिकाको संकलन केन्द्र र सहकारी मार्फत्संस्थागत विक्री गरेका कृषि उपजमा अनुदान दिने कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भए पछि प्रारम्भ हुने छ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्ने छ ।

(ख) "कार्यक्रम" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भई रकम समेत उल्लेख भै निर्णय भएको विषयलाई सम्झनु पर्दछ ।

(ग) "अनुदान" भन्नाले 'चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि, पशुपंक्षीपालनमा पुँजीगत अनुदान दिने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(घ) "व्यवसाय" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको स्थायी वासिन्दा भएको वा अन्य स्थानको बासिन्दा भए ३ अगाडी देखि यस नगरपालिका भित्र कृषि, पशुपंक्षी पालन व्यवसाय तथा फर्म दर्ता गरि संचालनमा रहेको व्यवसायलाई सम्झनु पर्दछ ।

(ङ) "ॠण" भन्नाले नेपाल सरकारद्धारा मान्यता प्राप्त वित्तीय संस्थाद्धारा कुनै वस्तु धितो राखी वा नराखी निश्चित समयमा साँवा र व्याज फिर्ता गर्ने शर्तमा लिएको रकमलाई सम्झनु पर्दछ ।

(ज) कृषि उपज भन्नाले कृषकले उत्पादन गरेका तरकारी समुहका आलु, गोलभेडा, हरियो तरकारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## अनुदान कार्यक्रम

३. अनुदान कार्यक्रमको ढाँचाः चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभाद्धारा नीति, कार्यक्रम तथा बजेटमा समावेश भएको यस नगरपालिका भित्र बसोवास गरि नगरपालिका भित्र कृषि सम्बन्धी व्यवसाय संचालन गरि उत्पादन भएको कृषि उपज संकलन केन्द्र तथा सहकारी मार्फत् विक्री गरेमा निम्नानुसारको अनुदान दिन सकिनेछ ।

| | | |
|---|---|---|
| **(१) कृषि सम्बन्धी व्यवसायः** | (क) आलु विक्रीमा प्रति के.जि.रु. | १।- अनुदान |
| | (ख) गोलभेडा विक्रीमा प्रति के.जि.रु. | १।-अनुदान |
| | (ग) हरियो तरकारी विक्रीमा रु. | २।- अनुदान |
| | (घ) अन्य तरकारी (पछि पहिचान हुने) | २।-अनुदान |

## परिच्छेद-३
## कार्यक्रम संचालन

४. **कार्यक्रम छनौटः (क)** कार्यक्रम छनौट गर्दा चौतारा साँगाचोकगढी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत भए पछि नगरपालिकाद्धारा सार्वजनिक सूचना प्रकाशित गरि संकलन केन्द्र र सहकारी छनौट गरिनेछ । उत्पादित कृषि उपज आफूलाई पायक पर्ने संकलन केन्द्र वा सहकारी मार्फत कृषकले विक्री गर्नु पर्नेछ र सो को रेकर्ड सहकारी/संकलन केन्द्रले प्रमाणिकरण गरि राख्नु पर्नेछ र सो रेकर्डको आधारमा नगरपालिकाले अनुदान रकम सहकारी वा संकलन केन्द्र मार्फत कृषकहरुलाई उपलव्ध गराउने छ । अनुदानको लागि छनोट गरिने सहकारी वा संकलन केन्द्रको लागि निम्न अनुसारको छनौट समिति हुनेछ र छनौट भएका संस्थाहरुसँग नियमानुसार सम्झौता गरिनेछ ।

**छनौट समिति :-**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य सचिव |

(ख) उक्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरि कार्यालयको वेवसाइटमा समेत राखी यस नगरपालिकाको १४ वटै वडामा जानकारी गराइनेछ ।

**५. संस्था छनौटका आधारहरुः**

(क) कृषकहरुले उत्पादन गरेको कृषि उपज संकलित प्रमाणित परिमाण अभिलेख

(ख) संकलन पश्चात् दोस्रो पक्षलाई विक्री वितरण गरेको विक्री विल तथा भर्पाइ

(ग) उत्पादन संकलन गरेको कृषकहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

(घ) संकलन तथा विक्री वितरण गर्ने क्रममा विभिन्न क्रियाकलाप देखिने फोटोहरु

(ङ) संचालक समितिको निर्णय प्रतिलिपि ।

(च) करचुक्ता प्रमाण पत्र प्रतिलिपि ।

(छ) सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ज) सम्बन्धित वडा कार्यालयको सिफारिस

## परिच्छेद-४

## कार्यक्रम संचालन तथा व्यवस्थापन

६. **कार्यक्रमको व्यवस्थापनः** यस नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सिमा भित्र रही कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गरिने छ । सवै वडाहरु समेटेर कार्यक्रम गरिने छ ।

७. **कार्यक्रमको अनुगमन, मूल्यांकनः(१)** कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| प्रशासन शाखाको शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखाको प्रमुख | सदस्य सचिव |

## परिच्छेद-५

## बजेट व्यवस्थापन

८. चौतारा साँगाचोकगढी नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रममा नै बजेटको व्यवस्था गरि कार्यक्रम संचालन गर्ने छ र सो वजेट यस कार्यविधिको अधिनमा रही खर्च गर्ने छ ।

९. कार्यक्रमको खर्च भुक्तानी प्रक्रिया:(१) कार्यक्रमको खर्च भुक्तानी गर्दा यस नगरपालिकाद्धारा छनौटमा परेको सहकारी तथा संकलन केन्द्रको खातामा भुक्तानी गरिने छ ।

१०. खर्चमा बन्देज: आर्थिक वर्षको वार्षिक बजेटमा कार्यक्रम समावेश नगरी वा नगर कार्यपालिकाको वैठकबाट कार्यक्रम स्वीकृत नगरी यस किसिमको खर्च गरिने छैन ।

११. पारदर्शिता र उत्तरदायित्व: यस किसिमको कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गरिने छ ।

१२. अनुदान प्राप्त कृषकहरुको नामावली सम्बन्धित सहकारी/संकलन केन्द्रले सार्वजनिकिकरण गर्नु पर्नेछ ।

## परिच्छेद-६
## विविध

१३. अनुदान सूचना व्यवस्थापन प्रणाली: यस किसिमको अनुदान व्यवस्थापन प्रणाली अन्तर्गत कार्यक्रम स्वीकृत भएको र खर्चको भुक्तानी भएको विवरण अर्को आर्थिक वर्षको बजेट कार्यन्वयनको लागि अद्यावधिक गरि राखिने छ ।

१४. कार्यविधि बमोजिम हुने: अनुदान कार्यक्रमको सवै खर्च यसै बमोजिम बनेको कार्यविधिमा उल्लेख भए बमोजिम हुने छ ।

१५. सोही प्रकृतिको व्यवसायलाई अन्य निकायबाट यस किसिमको अनुदान प्राप्त गरि सकेको व्यवसायलाई यस कार्यक्रममा समावेश गरिने छैन ।

१६. थपघट वा हेरफेर तथा बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने : चौतारा साँगाचोकगढी नगर कार्यपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा अडकाउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्ने छ ।